# देशको वर्तमान आर्थिक स्थिति

*(आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्मको तथ्याङ्कमा आधारित)*

## मौद्रिक स्थिति

### मुद्राप्रदाय

१. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा विस्तृत मुद्राप्रदाय ८.२ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त मुद्राप्रदाय २१.१ प्रतिशतले बढेको थियो । संकुचित मुद्राप्रदाय अघिल्लो वर्ष २१.८ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.५ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको तुलनामा समिक्षा अवधिमा खुद आन्तरिक सम्पत्ति न्यून दरले बढ्नुको साथै खुद वैदेशिक सम्पत्ति पनि घटेकोले मौद्रिक योगाङ्कहरू कम दरले बढेका हुन ।

२. संकुचित मुद्राप्रदायको अंशमध्ये चलनचल्तीमा रहेको मुद्रा समीक्षा अवधिमा ९.८ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त मुद्रा २२.८ प्रतिशतले बढेको थियो । चल्ती निक्षेप अघिल्लो वर्ष २०.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.८ प्रतिशतले घटेको छ । आवधिक निक्षेप अघिल्लो वर्ष २०.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ९.९ प्रतिशतले बढेको छ ।

३. समीक्षा अवधिमा खुद वैदेशिक सम्पत्ति (विदेशी विनिमय मूल्याङ्कन नाफा/नोक्सान समायोजित) रू. १५ अर्ब ७ करोडले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त सम्पत्ति रू. ३९ अर्ब ५ करोडले बढेको थियो । अघिल्लो वर्षको पहिलो एघार महिनासम्मको तुलनामा समीक्षा अवधिमा व्यापार घाटामा उच्च विस्तार भएकोले खुद बैदेशिक सम्पत्ति घटेको हो ।

### आन्तरिक कर्जा

४. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा कूल आन्तरिक कर्जा १२.९ प्रतिशतले बढेको छ । अघिल्लो वर्ष उक्त कर्जा १७ प्रतिशतले बढेको थियो । अघिल्लो बर्षको तुलनामा समीक्षा अवधिमा बैंकिङ क्षेत्रको नेपाल सरकारमाथिको खुद दावीमा कमी आउनुको साथै निजी क्षेत्रतर्फको कर्जा वृद्धिदरमा आएको कमीले गर्दा आन्तरिक कर्जा न्यून दरले बढेको हो ।

५. समीक्षा अवधिमा नेपाल सरकारमाथिको खुद दावी ३.९ प्रतिशत (रू. ४ अर्ब १२ करोड) ले घटेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त दावी १३.८ प्रतिशत (रू. १२ अर्ब ३ करोड ) ले घटेको थियो । समीक्षा अवधिमा खर्चको तुलनामा साधन परिचालनको वृद्धिदर कम रहेकोले बैंकिङ्ग क्षेत्रको नेपाल सरकारमाथिको दावी कम दरले घटेको हो । समीक्षा अवधिमा नेपाल सरकारको नेपाल राष्ट्र बैंकमा रू. ५९ करोड नगद बचत कायम रहेको छ ।

६. समीक्षा अवधिमा निजी क्षेत्रतर्फको दावी १७.४ प्रतिशत अर्थात् रू. ७५ अर्ब ७६ करोडले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको दावी २५.४ प्रतिशत अर्थात् रू. ८६ अर्ब ३१ करोडले बढेको थियो । बैंकिङ क्षेत्रको तरलतामा सँकुचन आएकोले उक्त क्षेत्रतर्फको कर्जा वृद्धिदरमा कमी आएको हो ।

७. समीक्षा अवधिमा वाणिज्य बैंकहरूको वित्त कम्पनी, बचत तथा ऋण सहकारी संस्था, पेन्सन फण्ड तथा वीमा कम्पनीतर्फको लगानीमा कमी आएकोले गैर-सरकारी वित्तीय संस्थाहरूतर्फको दावी १२.७ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको दावी ३८.८ प्रतिशतले बढेको थियो ।

८. समीक्षा अवधिमा गैर-वित्तीय सरकारी सँस्थाहरुमाथिको दावी २.५ प्रतिशतले घटेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रमाथिको दावी १३.२ प्रतिशतले घटेको थियो । उक्त संस्थाहरूमध्ये

नेशनल ट्रेडिङ्ग लिमिटेड, नेपाल वायु सेवा निगम, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड र खाद्य संस्थानले बैकिङ्ग क्षेत्रबाट लिएको कर्जाको केही अंश भुक्तानी गरेकोले उक्त क्षेत्रतर्फको दावीमा कमी आएको हो ।

## वाणिज्य बैंकहरूको निक्षेप परिचालन तथा कर्जा प्रवाहको स्थिति

९. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा वाणिज्य बैंकहरूको कुल निक्षेप परिचालन ६.३ प्रतिशत (रू.३४ अर्ब ५७ करोड) ले बढी २०६६ बैशाख मसान्तमा रू ५८४ अर्ब ४० करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा वाणिज्य बैंकहरूको कूल निक्षेप परिचालन २०.९ प्रतिशत (रू. ८८ अर्ब २६ करोड) ले बढेको थियो ।

१०. बाणिज्य बैंकहरुको कर्जा तथा लगानी १४.१ प्रतिशत (रु. ७३ अर्व २५ करोड) ले बढी बैशाखमसान्तमा रु. ५९१ अर्ब ८४ करोड पुगेको छ । यस अवधिमा बाणिज्य बैंकहरुको निजी क्षेत्रतर्फको कर्जा १७.२ प्रतिशत (रू. ६९ अर्ब ५१ करोड) ले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त क्षेत्रतर्फको कर्जा २७ प्रतिशत (रू. ८३ अर्ब ५ करोड) ले बढेको थियो । निजी क्षेत्रतर्फको कर्जामध्ये उत्पादनमूलक क्षेत्रतर्फको कर्जा १२.१ प्रतिशत (रू. १० अर्ब ६५ करोड) ले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त क्षेत्रतर्फको कर्जा १४.२ प्रतिशतले बढेको थियो । उत्पादन क्षेत्रतर्फ समीक्षा अवधिमा चिनी, सिमेन्ट, फलाम तथा स्टिलजन्य वस्तुहरूको उत्पादनमा कर्जा प्रवाहको विस्तार उच्च रहेको छ । त्यसैगरी, समीक्षा अवधिमा कृषि क्षेत्रतर्फको कर्जा रू. ९६ करोडले बढेको छ । समीक्षा अवधिमा थोक तथा खुद्रा व्यापार, वित्त, विमा तथा स्थिर सम्पत्ति र सेवा क्षेत्रतर्फको कर्जा क्रमशः २४.९ प्रतिशत (रू. १७ अर्ब १३ करोड), ५०.१ प्रतिशत (रू. १९ अर्ब ४८ करोड) र ३६.५ प्रतिशत (रू. ८ अर्ब ५२ करोड) ले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा उल्लिखित क्षेत्रहरुको कर्जामा क्रमशः १७.५ प्रतिशत, ४९ प्रतिशत र ९ प्रतिशतको वृद्धि देखिएको थियो । यसरी नै घरजग्गातर्फको कर्जा अघिल्लो वर्षको एघार महिनासम्ममा रू. ११ अर्ब ७५ करोडले विस्तार भएकोमा समीक्षा अवधिमा रू १८ अर्ब १३ करोडले बढेको छ ।

## वाणिज्य बैंकहरूको तरलताको स्थिति

११. वाणिज्य बैंकहरूको तरल सम्पत्ति २०६६ बैशाखमसान्तमा रू. १७८ अर्ब ४६ करोड रहेको छ । तरल सम्पत्तिका अँशहरूमध्ये तरल कोष समीक्षा अवधिमा ८.३ प्रतिशतले घटेको छ । वाणिज्य बैंकहरूको नेपाल राष्ट्र बैंक तथा विदेशमा रहेको मौज्दातमा कमी आएकोले तरल कोष घटेको हो । समीक्षा अवधिमा वाणिज्य बैंकहरूको विदेशी मौज्दात रू. ४ अर्ब ८ करोडले घटी रू. ४९ अर्ब ३३ करोड हुन आएको छ भने नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रू. ५ अर्ब ६६ करोडले घटेको छ । समीक्षा अवधिमा सरकारी ऋणपत्रमाथिको लगानीमा भने कुनै परिवर्तन आएको छैन ।

१२. निक्षेप परिचालनको तुलानामा कर्जा प्रवाहमा भएको उच्च विस्तारले गर्दा समीक्षा अवधिमा कर्जा-निक्षेप अनुपात २०६६ असारमसान्तको ८१.२ प्रतिशतबाट बढेर २०६७ जेठमसान्तमा ८९ प्रतिशत पुगेको छ भने तरलता-निक्षेप अनुपात ३४.२ प्रतिशतबाट घटेर ३०.५ प्रतिशत कायम भएको छ ।

## तरलता व्यवस्थापन

१३. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा सरकारी ऋणपत्रको खुला बजार कारोवारबाट रू. ११४ अर्ब ५ करोडको खुद तरलता प्रवाह भएको छ । यसमध्ये ट्रेजरी बिलको बिक्री बोलकबोलमार्फत् रू. ७ अर्ब ४४ करोड र रिभर्स रिपो बोलकबोलमार्फत् रू. १ अर्ब गरी कुल रू. ८ अर्ब ४४ करोड तरलता प्रशोचन भएको छ भने रिपो बोलकबोलमार्फत् रू. ११९ अर्ब ११ करोड र खरीद बोलकबोलबाट रु. ३ अर्ब ३८ करोड गरी कुल रु. १२२ अर्ब ४९ करोडको तरलता प्रवाह भएको छ । अघिल्लो वर्षको यसै अवधिमा खुला बजार कारोवार अर्न्तगत बिक्री बोलकबोलबाट रू. ७ अर्ब ४६ करोड र रिभर्स रिपो बोलकबोलबाट रू. १३ अर्ब २६ करोड गरी कुल रू. २० अर्ब ७२ करोडको तरलता प्रशोचन र रिपो बोलकबोलबाट रू. ११ अर्बको तरलता प्रवाह हुनगई खुद रु. ९ अर्ब ७२ करोडको तरलता प्रशोचन भएको थियो ।

१४. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्व ३६ करोड ४५ लाख खुद खरिद गरी रू. १०० अर्ब ९९ करोड बराबरको तरलता प्रवाह गरेको छ। अघिल्लो वर्षको यसै अवधिमा विदेशी विनिमय बजार हस्तक्षेपमार्फत वाणिज्य बैंकहरूबाट अमेरिकी डलर १ अर्ब ६८ करोड २४ लाख खुद खरिद भई रू. १३० अर्ब २२ करोड बराबरको तरलता प्रवाह भएको थियो।

१५. समीक्षा अवधिमा अमेरिकी डलर १ अर्ब ९७ करोड बिक्री गरी भा. रू. ९१ अर्ब ८३ करोड खरिद भएको छ। अघिल्लो वर्षको यसै अवधिमा अमेरिकी डलर १ अर्ब ३५ करोड बिक्री गरी भा.रू. ६५ अर्ब १९ करोड खरिद भएको थियो। भारतसँगको बढ्दो व्यापार घाटाका कारण भा.रु खरिद बढेको हो।

### स्थायी तरलता सुविधाको उपयोग र अन्तर बैंक कारोवारको स्थिति

१६. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा बैंक तथा वित्तीय संस्थाहरुबाट रू. ९१ अर्ब ८६ करोडको स्थायी तरलता सुविधा उपयोग भएको छ। अघिल्लो वर्षको यसै अवधिमा उक्त सुविधा अन्तर्गत बाणिज्य बैंकहरुले कुल रू. १०७ अर्ब ७८ करोड उपयोग भएको थियो। समीक्षा अवधिमा वाणिज्य बैंकहरूले कुल रू. २४५ अर्ब ८२ करोड बराबरको अन्तर-बैंक कारोवार गरेका छन्। अघिल्लो वर्षको यसै अवधिमा कुल रू. २७१ अर्ब ९० करोड बराबरको अन्तर-बैंक कारोवार भएको थियो।

### अल्पकालीन व्याजदर

१७. आर्थिक वर्ष २०६६/६७ को जेठ महिनामा ९१- दिने ट्रेजरी विल्सको भारित औसत व्याजदर ६.७७ प्रतिशत कायम भएको छ। अघिल्लो वर्षको यसै समयमा उक्त व्याजदर ६ प्रतिशत रहेको थियो। अघिल्लो वर्षको जेठ महिनामा भारित औसत अन्तर-बैंक व्याजदर ५.०२ प्रतिशत रहेकोमा समीक्षा अवधिमा ५.२२ प्रतिशत कायम भएको छ। अल्पकालीन बजार व्याजदरका अलावा वाणिज्य बैंकहरूले निक्षेपमा प्रदान गर्ने व्याजदर पनि बढेको छ। २०६६ असार महिनाको तुलनामा जेठ महिनामा दुई-वर्षे र दुई वर्षभन्दामाथिको मुद्दति निक्षेपको अधिकतम वार्षिक व्याजदर ९.५ प्रतिशतबाट बढेर १३ प्रतिशत कायम भएको छ। समीक्षा अवधिमा तरलताको स्थितिमा कमी आएकोले व्याजदरहरू बढेका हुन।

## धितोपत्र बजार

१८. वार्षिक विन्दुगत आधारमा नेप्से सूचकाङ्कमा २९.७७ प्रतिशतले कमी आई २०६७ जेठ मसान्तमा ४७६.६९ विन्दुमा पुगेको छ। यो सूचकाङ्क २०६६ जेठ मसान्तमा ६७८.७४ रहेको थियो। २०६३ असार मसान्तलाई आधार मानी गणना गरिएको नेप्से सेन्सिटिभ सूचकाङ्क २०६७ जेठ मसान्तमा ११६.६९ रहेको छ। यो सूचकाङ्क २०६६ जेठ मसान्तमा १८२.३२ रहेको थियो। नेपाल स्टक एक्सचेन्ज लिमिटेडले २०६५ भदौ ८ गतेको अन्तिम कारोवार मूल्यलाई आधार वजार मूल्यको रुपमा लिई गणना गरिएको NEPSE Float Index २०६७ जेठ मसान्तमा अघिल्लो वर्षको सोही अवधिको तुलनामा ३२.४४ प्रतिशतले कमी आई ४४.२९ पुगेको छ। अघिल्लो बर्षको सोहि अवधिमा यो सूचकाङ्क ६५.५६ रहेको थियो।

१९. २०६७ जेठ मसान्तमा बजार पूँजीकरण वार्षिक विन्दुगत आधारमा १७.२१ प्रतिशतले कमी आई रु. ३ खर्व ७३ अर्ब पुगेको छ। परिणामस्वरुप २०६७ जेठ मसान्तमा बजार पूँजीकरणको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात ३१.५८ प्रतिशत रहेको छ। २०६६ जेठ मसान्तमा यस्तो अनुपात ४५.५१ प्रतिशत रहेको थियो। सूचीकृत कम्पनीहरुको वजार पूँजीकरणमा बैंक तथा वित्तीय सँस्थाहरुले सबैभन्दा ठूलो हिस्सा ओगटेका छन्। जसअनुसार बजार पूँजीकरणमा बैंक तथा वित्तीय सँस्थाहरुको ७३.१ प्रतिशत, उत्पादन तथा प्रशोधन क्षेत्रको २.० प्रतिशत, होटलहरुको १.४ प्रतिशत,

व्यापारिक सँस्थाहरुको ०.४ प्रतिशत, जलविद्युतको ४.३ प्रतिशत र अन्यको १८.६ प्रतिशत अँश रही विगतमा झैं बैंक तथा वित्तीय सँस्थाहरुको नै सबैभन्दा ठूलो हिस्सा रहिरहेको छ ।

२०. सूचीकृत कम्पनीहरुको चुक्ता पूँजीको वार्षिक वृद्धि ३१.३६ प्रतिशत रही २०६७ जेठ मसान्तमा रु.७७ अर्ब ९१ करोड पुगेको छ । नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा थप धितोपत्रहरु सूचीकृत भएका कारण चुक्ता पूँजीमा वृद्धि भएको हो । यस आर्थिक वर्षको जेठ मसान्तसम्ममा रु. ५ अर्व ०६ करोड ४६ लाख बरावरको साधारण शेयर, रु.३ अर्व ७१ करोड १२ लाख बराबरको बोनस शेयर, रु. ९ अर्व ९० करोड ४३ लाख बराबरको हकप्रद शेयर र रु. ७ अर्ब २५ करोड बराबरको सरकारी ऋणपत्र गरी कुल रु.२५ अर्ब ९३ करोड रकम बराबरको धितोपत्र सूचीकृत भएको छ ।

२१. २०६७ जेठ मसान्तमा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकृत भएका कम्पनीहरुको संख्या १७३ रहेको छ । २०६६ जेठ मसान्तमा यो संख्या १५९ रहेको थियो । हाल सूचीकृत कम्पनीहरुमध्ये १४१ वटा वित्तीय संस्था (बीमा कम्पनी समेत), १८ वटा उत्पादन र प्रशोधन गर्ने उद्योग, ४ वटा होटल, ४ वटा व्यापारिक संस्था ४ वटा जल विद्युत कम्पनी र २ वटा अन्य समूहका रहेका छन् ।

## मुद्रास्फीति र तलब तथा ज्यालादर

### उपभोक्ता मुद्रास्फीति

२२. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा वार्षिक विन्दुगत उपभोक्ता मुद्रास्फीति ९.६ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको यसै अवधिमा यस्तो मुद्रास्फीति १२.३ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहको मूल्य सूचकाङ्क ११.३ प्रतिशतको उच्च दरले वृद्धि भएता पनि गैर-खाद्य तथा सेवा समूहको मूल्य सूचकाङ्क ७.३ प्रतिशतले मात्र वृद्धि भएको कारण समग्र उपभोक्ता मुद्रास्फीति दर अघिल्लो आर्थिक वर्षको सोही अवधिको भन्दा केही कम रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यी समूहहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः १९.० प्रतिशत र ५.१ प्रतिशत रहेको थियो ।

२३. समीक्षा अवधिमा खाद्य तथा पेय पदार्थ समूहमा पर्ने वस्तुहरुमध्ये मरमसला उपसमूहको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क ३६.२ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्ष यस उपसमूहको मूल्य सूचकाङ्कमा १७.४ प्रतिशतले वृद्धि भएको थियो । यसैगरी, समीक्षा अवधिमा चिनी तथा चिनीजन्य वस्तु, रेष्टुरेन्ट खाना, दलहन र दूध तथा दुग्ध पदार्थको मूल्य सूचकाङ्क क्रमशः २०.६ प्रतिशत, १८.८ प्रतिशत, १५.८ प्रतिशत, र १४.८ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यी उपसमूहहरुको सूचकाङ्क क्रमशः ६२.३ प्रतिशत, १६.५ प्रतिशत, २७.७ प्रतिशत र १५.० प्रतिशतले वृद्धि भएको थियो । अघिल्लो वर्षको यसै अवधिमा ६.६ प्रतिशतले वृद्धि भएको खाद्यान्न उपसमूहको सूचकाङ्क यस अवधिमा १४.१ प्रतिशतले वृद्धि भएको छ ।

२४. यसैगरी, समीक्षा अवधिमा गैर-खाद्यवस्तु तथा सेवा समूहका वस्तुहरुमध्ये शिक्षा, अध्ययन तथा मनोरञ्जन, घरायसी सामान तथा सेवा र सूर्ती तथा सूर्तीजन्य वस्तुहरुको वार्षिक विन्दुगत मूल्य सूचकाङ्क क्रमशः ११.० प्रतिशत, ९.८ प्रतिशत र ९.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा शिक्षा, अध्ययन तथा मनोरञ्जन र सूर्ती तथा सूर्तीजन्य वस्तुहरुको मूल्य सूचकाङ्कको वृद्धि क्रमशः ८.० प्रतिशत र १७.५ प्रतिशत रहेको थियो भने घरायसी सामान तथा सेवाको मूल्य सूचकाङ्कमा १.० प्रतिशतले ह्रास आएको थियो ।

२५. क्षेत्रगत आधारमा विश्लेषण गर्दा समीक्षा अवधिमा सबैभन्दा बढी पहाडमा ११.१ प्रतिशतले, तराईमा ९.७ प्रतिशतले र काठमाडौंमा ८.३ प्रतिशतले मूल्य सूचकाङ्कमा वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा पहाड र तराईको वृद्धिदर ११.५ प्रतिशत र काठमाडौंको वृद्धिदर १४.५ प्रतिशत रहेको थियो ।

२६. समीक्षा अवधिमा वार्षिक विन्दुगत आधारभूत मुद्रास्फीति (Core Inflation) ११.१ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त मुद्रास्फीति १२.६ प्रतिशत रहेको थियो ।

### थोक मुद्रास्फीति

२७. समीक्षा अवधिमा राष्ट्रिय थोक मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत वृद्धिदर ६.३ प्रतिशत रहेको छ । अघिल्लो वर्षको यसै अवधिमा यसको वृद्धिदर १७.० प्रतिशत रहेको थियो । थोक मूल्य अन्तर्गतका कृषिजन्य वस्तु, स्वदेशी उत्पादित वस्तुहरु र आयातित वस्तुहरुको मूल्य सूचकाङ्क क्रमशः ६.० प्रतिशत, ८.५ प्रतिशत र ५.७ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः ३३.४ प्रतिशत, ६.० प्रतिशत र ०.२ प्रतिशतले वृद्धि भएको थियो ।

२८. यस अवधिमा मरमसला, खाद्यान्न, दलहन र पशुजन्य उत्पादनको मूल्य सूचकाङ्कको वार्षिक विन्दुगत मूल्यवृद्धि क्रमशः ५६.६ प्रतिशत, २३.० प्रतिशत, २१.७ प्रतिशत र १७.४ प्रतिशत रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यी वस्तुहरुको मूल्य सूचकाङ्कमा क्रमशः १४.० प्रतिशत, ३.८ प्रतिशत, २१.४ प्रतिशत र ३९.२ प्रतिशतले वृद्धि भएको थियो ।

२९. यसैगरी स्वदेशमा उत्पादित वस्तुहरुमध्ये खाद्यजन्य उत्पादनको मूल्य सूचकाङ्कमा १४.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो वृद्धि ३.९ प्रतिशत रहेको थियो । साथै, आयातित वस्तुहरुमध्ये समीक्षा अवधिमा पेट्रोलियम पदार्थ तथा कोईलाको मूल्य सूचकाङ्कमा १२.० प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्कमा १६.२ प्रतिशतले ह्रास आएको थियो ।

### तलब तथा ज्यालादर सूचकाङ्क

३०. समीक्षा अवधिमा वार्षिक विन्दुगत राष्ट्रिय तलब तथा ज्यालादर सूचकाङ्क १३.४ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा उक्त सूचकाङ्क २१.५ प्रतिशतले बढेको थियो । २०६६ साउनदेखि सरकारी कर्मचारीलगायत सुरक्षाकर्मी, संस्थानका कर्मचारी, शिक्षक आदिको तलबमा वृद्धि भएकोले यस अवधिमा तलव तथा ज्यालादर सूचकाङ्कमा बढी चाप परेको हो । तलब तथा ज्यालादरमध्ये तलब सूचकाङ्क समीक्षा अवधिमा १३.८ प्रतिशतले वृद्धि भएको छ । यस्तो सूचकाङ्कमा अघिल्लो वर्षको यसै अवधिमा १६.८ प्रतिशतले वृद्धि भएको थियो । ज्यालादर सूचकाङ्क समीक्षा अवधिमा १३.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यो सूचकाङ्क २३.० प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा ज्यालादर अन्तर्गत कृषि मजदुर, औद्योगिक मजदुर र निर्माण मजदुरको ज्यालादर सूचकाङ्क क्रमशः १८.८ प्रतिशत, ४.४ प्रतिशत र ११.५ प्रतिशतले वृद्धि भएको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो सूचकाङ्क क्रमशः २९.० प्रतिशत, १५.४ प्रतिशत र १७.८ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी वित्त स्थिति *

### बजेट घाटा/बचत

३१. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा नगद प्रवाहमा आधारित सरकारी बजेट रु ६ अर्व ६९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा सरकारी बजेट रु. १ अर्व ६७ करोडले बचतमा रहेको थियो ।

### सरकारी खर्च

३२. समीक्षा अवधिमा नगद प्रवाहमा आधारित कुल सरकारी खर्च २९.१ प्रतिशतले वृद्धि भई रु. १८८ अर्व ६५ करोड पुगेको छ । अघिल्लो वर्षको यसै अवधिमा सरकारी खर्च २४.६ प्रतिशतले वृद्धि

---

* नेपाल राष्ट्र बैंकका जिल्ला स्थित ७ कार्यालयहरु, राष्ट्रिय वाणिज्य बैंकका सरकारी कारोवार गर्ने ६५ शाखामध्ये ३६ वटा शाखाहरु, नेपाल बैंक लिमिटेडका सरकारी कारोवार गर्ने ४२ शाखा मध्ये २० वटा शाखाहरु, एभरेष्ट बैंक लिमिटेडका ५ वटा शाखाहरु र नेपाल वंगलादेश बैंक लिमिटेडको १ शाखाबाट प्राप्त विवरणको आधारमा तयार गरिएको ।

भएको  थियो । चालू तथा पूँजीगत दुवै खर्चको वृद्धिदरमा विस्तार आएकोले समीक्षा अवधिमा कुल सरकारी खर्च बढेको हो ।

३३. समीक्षा अवधिमा नेपाल सरकारको चालू खर्च २५.३ प्रतिशतले बढी रु.११६ अर्व ३१ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा चालू खर्च २७.१ प्रतिशतले वृद्धि भएको थियो । सरकारी कर्मचारी एवं शिक्षकहरुको तलबभत्ता वृद्धि, विशेष सुरक्षा योजनाको दायित्व, विद्यालय अनुदानमा वृद्धि, आर्थिक सहायता वितरणमा बढोत्तरी लगायतका कारणले समीक्षा अवधिमा चालू खर्चमा विस्तार आएको हो ।

३४. यस अवधिमा पूँजीगत खर्च ४१.५ प्रतिशतले बढी रु. ४६ अर्व ५८ करोड मात्र पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खर्च १७.५ प्रतिशतले मात्र वृद्धि भएको थियो । आर्थिक वर्षको अन्त्यतिर सार्वजनिक खरिद प्रक्रिया एवं विकास निर्माणका कामहरुमा तीव्रता आउने भई पूँजीगत खर्च बढी हुने प्रवृति रहेकोले पूँजीगत खर्चमा विस्तार आएको हो । अघिल्लो वर्षको तुलनामा पूँजीगत खर्चमा विस्तार आएको देखिएतापनि चालु आर्थिक बर्षको बजेट अनुमानसँग तुलना गर्दा यो रकम बजेट अनुमानको ४३.८२ प्रतिशत मात्र हुनआउँछ । अपेक्षाअनुरुप पूँजीगत खर्च हुन नसक्नुमा चालु वर्षको बजेट ढिलो पारित हुनु, ठेक्कापट्टा समयमा हुन नसक्नु, स्थानीय निकायमा जनप्रतिनिधिहरुको अनुपस्थिति रहनु, शान्ति सुव्यवस्थाको स्थिति अपेक्षा अनुरुप सुदृढ नहुनु जस्ता मुख्य कारणहरु रहेका छन ।

३५. समीक्षा अवधिमा आन्तरिक एवम् बाह्य ऋणको साँवा भुक्तानीमा हुने सरकारी खर्चमा अघिल्लो वर्षको तुलनामा ४.९ प्रतिशतले बढी रु.१५ अर्ब ५७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो खर्च ६.४ प्रतिशतले वृद्धि भएको थियो ।

## सरकारी राजस्व

३६. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा नेपाल सरकारको राजस्व परिचालन २६.७ प्रतिशतले बढी रु. १५३ अर्ब ५९ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो राजस्व परिचालन ३४.४ प्रतिशतले वृद्धि भई रु. १२१ अर्व २३ करोड पुगेको थियो । “कर सहभागिता बर्ष २०६६/६७” को कार्यान्वयनको प्रभाव, स्थायी लेखा नम्बर लिनेको संख्यामा वृद्धि, कर स्वयंसेवकहरुको परिचालन, आयात वृद्धि, कर चुहावट नियन्त्रण एवं राजस्व प्रशासनमा भएको समग्र सुधारका कारण राजस्व परिचालनमा वृद्धि भएको हो ।

३७. समीक्षा अवधिमा मूल्य अभिवृद्धि कर राजस्वमा ३६.२ प्रतिशतले वृद्धि आई रू. ४७ अर्ब ९२ करोड पुगेको छ। अघिल्लो वर्ष यसै अवधिमा यस्तो राजस्वको वृद्धिदर २६.५ प्रतिशत पुगेको थियो। उपभोगमा भएको बृद्धि र मूल्य अभिवृद्धि कर प्रशासनमा भएका सुधारका कारण समीक्षा अवधिमा मूल्य अभिवृद्धि करको वृद्धिदरमा विस्तार आएको हो।

३८. यस अवधिमा नेपाल सरकारको भन्सार महसूलबाट प्राप्त हुने राजस्व ३२.१ प्रतिशतले वृद्धि भई रू. ३० अर्ब ९० करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व २९.९ प्रतिशतले वृद्धि भएको थियो। भन्सार प्रशासनमा गरिएका सुधारहरु र उच्च भन्सार दर लाग्ने सवारी साधनहरू तथा पार्टपुर्जाहरुको आयातमा वृद्धिका कारण भन्सार राजस्वको वृद्धिदर उच्च रहेको हो।

३९. उल्लिखित अवधिमा सरकारको आयकर राजस्व २२.७ प्रतिशतले वृद्धि भई रू. २५ अर्ब ९९ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा सो राजस्व ४५.४ प्रतिशतले वृद्धि भएको थियो। आर्थिक बर्ष २०६६/६७ लाई कर सहभागिता बर्षको रुपमा लिइएकोले यसको सकारात्मक प्रभाव पर्नुका साथै यस अवधिमा स्थायी लेखा नम्बर लिनेको संख्यामा समेत वृद्धि आएकोले समीक्षा अवधिमा आयकर राजस्व बढेको हो।

४०. समीक्षा अवधिमा अन्तःशुल्क राजस्वमा ५१.८ प्रतिशतले वृद्धि भई रू. २१ अर्ब १७ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा उक्त राजस्व ४७.८ प्रतिशतले वृद्धि भई १३ अर्व ९४ करोड

पुगेको थियो । अन्तःशुल्क प्रशासनमा गरिएका सुधारहरु र उच्च अन्तःशुल्क लाग्ने हल्का सवारी साधनहरुको आयातमा वृद्धि भएको कारण समीक्षा अवधिमा अन्तःशुल्क राजस्व बढेको हो ।

४१. समीक्षा अवधिमा नेपाल सरकारको गैर-कर राजस्व २.५ प्रतिशतले वढी रु. २० अर्व ४५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा गैर-कर राजस्व २४.९ प्रतिशतले वढेको थियो ।

### वैदेशिक नगद ऋण र अनुदान

४२. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा नेपाल सरकारलाई वैदेशिक नगद ऋण वापत् रु. ३ अर्व ८३ करोड र वैदेशिक नगद अनुदान वापत् रु. २१ अर्व ८० करोड प्राप्त भएको छ । अघिल्लो वर्षको सोही अवधिमा ती शीर्षकहरुमा क्रमशः रु. ३ अर्व ५० करोड र रु.२० अर्व ७१ करोड प्राप्त भएको थियो ।

## वाह्य क्षेत्र

### वैदेशिक व्यापार

४३. आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्ममा कुल वस्तु निर्यात अघिल्लो वर्षको सोही अवधिको तुलनामा ९.८ प्रतिशतले घटी रु. ५५ अर्ब ३७ करोड रहन गएको छ । अघिल्लो वर्षको सोही अवधिमा भने यस्तो निर्यात १५.८ प्रतिशतले बढी रु. ६१ अर्ब ४० करोड पुगेको थियो । यद्यपि चालु आर्थिक वर्षको जेठ महिनामा भने कुल वस्तु निर्यात बैशाख महिनाको तुलनामा १४.१ प्रतिशतले बढेको छ ।

४४. भारततर्फको निर्यात अघिल्लो वर्षको एघार महिनासम्ममा ८.५ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ४.५ प्रतिशतले घटेको छ । त्यस्तै, अन्य मुलुकतर्फको निर्यात अघिल्लो वर्ष २९.७ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा १८.५ प्रतिशतले ह्रास आएको छ । समीक्षा अवधिमा भारततर्फ मुख्यतया तयारी पोशाक, कर्कट पाता, जि.आई. पाइप, दाल, प्लाष्टिकका भाँडाकुँडा लगायतका वस्तुहरु एव अन्य मुलुकतर्फ विशेषगरी ऊनी गलैंचा, दाल, तयारी पोशाक, जडीबुटी, पश्मिना लगायतका वस्तुहरुको निर्यातमा गिरावट आएको छ ।

४५. अघिल्लो वर्षको एघार महिनासम्ममा २६.४ प्रतिशतले वृद्धि भई रु. २५३ अर्ब ६० करोड पुगेको कुल वस्तु आयात आर्थिक वर्ष २०६६/६७ को सोही अवधिमा ३५.२ प्रतिशतले बढी रु. ३४२ अर्ब ९९ करोड पुगेको छ । मासिकरुपमा हेर्दा, जेठ महिनामा कुल वस्तु आयात बैशाख महिनाको तुलनामा २८.६ प्रतिशतले बढेको छ ।

४६. कुल आयातमध्ये भारतबाट भएको आयात अघिल्लो वर्षको एघार महिनासम्ममा ११.९ प्रतिशतले वृद्धि भएकोमा समीक्षा अवधिमा ३५.७ प्रतिशतले बढेको छ । त्यसैगरी अन्य मुलुकबाट भएको आयात समीक्षा अवधिमा अघिल्लो वर्षको ५२.४ प्रतिशत वृद्धिको तुलनामा ३४.६ प्रतिशतले बढेको छ । भारतबाट मुख्यतया पेट्रोलियम पदार्थ, सवारी साधन तथा पार्टपुर्जा, एम.एस. विलेट, एम. एस. वायर तथा रड, विद्युतीय उपकरण एवं अन्य मुलुकबाट विशेषगरी सुन, सञ्चार उपकरण तथा पार्टपुर्जा, पोलिथिन दाना, चाँदी, स्टिल रड तथा शिटलगायतका वस्तुहरुको आयातमा भएको उल्लेख्य वृद्धिको कारण कुल आयात बढ्न गएको हो । यद्यपि माघ महिनादेखि सुन र फागुन महिनादेखि सवारी साधन तथा पार्टपुर्जाको आयातमा उल्लेख्य कमी आएको छ ।

४७. चालु आर्थिक वर्षको एघार महिनासम्ममा कुल वस्तु व्यापार घाटा ४९.६ प्रतिशतले वृद्धि भई रु. २८७ अर्ब ६२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा कुल वस्तु व्यापार घाटा ३०.२ प्रतिशतले बढी रु. १९२ अर्ब २० करोड पुगेको थियो । कुल वस्तु व्यापार घाटामध्ये भारतसँगको घाटा अघिल्लो वर्ष १३.१ प्रतिशतले बढेकोमा समीक्षा अवधिमा ५०.१ प्रतिशतले वृद्धि भएको छ । त्यस्तै, अघिल्लो वर्ष ६०.१ प्रतिशतले बढेको अन्य मुलुकसँगको व्यापार घाटा समीक्षा अवधिमा ४९.१ प्रतिशतले वृद्धि भएको छ ।

४८. निर्यात व्यापारमा आएको कमी तथा आयात व्यापारमा भएको उल्लेख्य विस्तारको कारण चालु आर्थिक वर्षको एघार महिनासम्ममा निर्यात-आयात अनुपात १६.१ प्रतिशतमा झरेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात २४.२ प्रतिशत रहेको थियो ।

### शोधनान्तर

४९. आर्थिक वर्ष २०६६/६७ को आठ महिना (फागुन मसान्तसम्ममा) सम्ममा हालसम्मकै उच्च (रु. २३ अर्ब ५३ करोड) शोधनान्तर घाटा रहेकोमा त्यसपछिका महिनाहरुमा क्रमशः सुधार हुँदै आएको छ । चालु आर्थिक वर्षको जेठ मसान्त सम्ममा यस्तो घाटा रु. १५ अर्ब ७ करोडमा झरेको छ । अघिल्लो आर्थिक वर्षको एघार महिनासम्ममा रु. ३९ अर्व ६ करोडले शोधनान्तर बचतमा रहेको थियो । चालु आर्थिक वर्षको समीक्षा अवधिमा चालु खाता रु. ३४ अर्ब ५९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा भने चालु खाता रु. ३९ अर्ब ५९ करोडले बचतमा रहेको थियो । खासगरी वस्तु तथा सेवा व्यापार घाटामा भएको उल्लेख्य वृद्धिका कारण चालु खाता घाटा उच्च रहन गएको हो । चालु खाता घाटा उच्च रहँदा रहँदै पनि खासगरी पूँजीगत खाता बचत एवं वित्तीय खाताअन्तर्गत व्यापारिक साख दायित्वमा भएको वृद्धिका कारण समग्र शोधनान्तर स्थितिमा सुधार देखिएको हो ।

५०. समीक्षा अवधिमा एफ.ओ.बी. मूल्यमा आधारित वस्तु व्यापार घाटा ५०.५ प्रतिशतले वृद्धि भई रु. २७८ अर्ब १५ करोड पुगेको छ । अघिल्लो वर्ष सोही अवधिमा उक्त घाटा ३०.६ प्रतिशतले बढी रु. १८४ अर्ब ८७ करोड पुगेको थियो । त्यस्तै, समीक्षा अवधिमा सेवा व्यापार घाटा अघिल्लो वर्षको रु. ८ अर्ब २६ करोडको तुलनामा १५७.३ प्रतिशतले वृद्धि भई रु. २१ अर्ब २६ करोड पुगेको छ । समीक्षा अवधिमा खूद ट्रान्सफर आय अघिल्लो वर्षको रु. २२१ अर्ब ९५ करोडको तुलनामा १६.२ प्रतिशतले वृद्धि भई रु. २५७ अर्ब ९८ करोड पुगेको छ । ट्रान्सफर अन्तर्गत अनुदान १३.१ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ७२ करोड र पेन्सन आय ५१.८ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ६ करोड पुगेको छ । त्यस्तै, विप्रेषण आप्रवाह ११.८ प्रतिशतले वृद्धि भई रु. २११ अर्ब १७ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ५१.० प्रतिशतको उल्लेखनीय दरले वृद्धि भई रु. १८८ अर्ब ८८ करोड पुगेको थियो । मासिकरुपमा हेर्दा, चालु आर्थिक वर्षको जेठ महिनामा विप्रेषण आप्रवाह अघिल्लो वर्षको सोही महिनाको तुलनामा २५.५ प्रतिशतले वृद्धि भई रु. २४ अर्ब ७२ करोड पुगेको छ । अघिल्लो वर्षको सोही महिनामा यस्तो आप्रवाह २०.६ प्रतिशतले वृद्धि भई रु. १९ अर्ब ७१ करोड पुगेको थियो ।

५१. समीक्षा अवधिमा पूँजीगत खाता रु. ११ अर्ब ५१ करोडले बचत भएको छ । अघिल्लो वर्षको सोही अवधिमा पूँजीगत खाता रु. ६ अर्ब ४ करोडले बचतमा रहेको थियो । त्यस्तै, अघिल्लो वर्ष रु. १७ अर्ब ६८ करोडले बचत भएको वित्तीय खाता समीक्षा अवधिमा रु. ४ अर्ब ८० करोडले बचत भएको छ । समीक्षा अवधिमा वित्तीय खाता अन्तर्गत रु. २ अर्ब ४१ करोड बराबरको बैदेशिक लगानी भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा रु. १ अर्ब ८२ करोड बराबरको बैदेशिक लगानी भित्रिएको थियो । समीक्षा अवधिमा व्यापारिक साख दायित्व रु. २९ अर्ब ४४ करोडले बढेको छ । अघिल्लो वर्षको यसै अवधिमा यस्तो दायित्व रु. १६ अर्ब ७१ करोडले बढेको थियो ।

### विदेशी विनिमय सञ्चिति

५२. चालु आर्थिक वर्षको शूरुदेखि नै क्रमशः घट्दै गई २०६६ चैत्र मसान्तमा यस वर्षकै न्युन रु. २३५ अर्ब ७५ करोडमा झरेको कुल विदेशी विनिमय सञ्चितिमा बैशाख महिनादेखि भने क्रमशः सुधार देखिएको छ । २०६७ जेठ मसान्तमा यस्तो सञ्चिति रु. २४७ अर्ब ४२ करोड पुगेको छ । २०६६ जेठ मसान्तमा यस्तो सञ्चिति २०६५ असार मसान्तको तुलनामा २७.८ प्रतिशतले वृद्धि भई रु. २७१ अर्ब ६८ करोड पुगेको थियो । समीक्षा अवधिमा नेपाल राष्ट्र बैंकसँग रहेको विदेशी विनिमय सञ्चितिमा पनि क्रमिक सुधार आई २०६६ चैत्र मसान्तको रु. १८२ अर्ब ८४ करोडबाट २०६७ जेठ मसान्तमा रु. १९६ अर्ब ८४ करोड पुगेको छ । अमेरिकी डलरमा गणना गर्दा कुल सञ्चिति २०६६ चैत्र मसान्तको अमेरिकी डलर ३ अर्ब ३३ करोडको तुलनामा थप गिराबट आई २०६७ जेठ

मसान्तमा अमेरिकी डलर ३ अर्ब ३२ करोडमा सीमित हुन पुगेको छ । २०६६ चैत्रदेखि २०६७ जेठमसान्तसम्मको अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग अबमूल्यन भएको कारण अमेरिकी डलरमा कुल सञ्चिति थप घट्न गएको हो । २०६६ असार मसान्तको तुलनामा २०६७ जेठ मसान्तको यस्तो सञ्चिति ७.५ प्रतिशतले कमी हो । आर्थिक वर्ष २०६६/६७ को एघार महिनासम्मको आयातको प्रवृत्तिलाई आधार मान्दा विदेशी विनिमय सञ्चितिको विद्यमान स्तरले ८.१ महिनाको वस्तु आयात र ६.८ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

## अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम तथा सुनको मूल्य स्थिति तथा विनिमय दर प्रवृत्ति

५३. अन्तर्राष्ट्रिय बजारमा कच्चा पेट्रोलियम (Crude Oil Brent) को मूल्य २०६६ जेठ मसान्तको प्रति व्यारल अमेरिकी डलर ७०.४५ को तुलनामा २०६७ जेठ मसान्तमा ६.७ प्रतिशतले वृद्धि भई प्रति व्यारल अमेरिकी डलर ७५.१५ पुगेको छ । त्यसैगरी सुनको मूल्य २०६६ जेठ मसान्तको प्रति आउन्स अमेरिकी डलर ९३७.२५ को तुलनामा २०६७ जेठ मसान्तमा ३०.६ प्रतिशतले बृद्धि भई प्रति आउन्स अमेरिकी डलर १२२३.७५ पुगेको छ ।

५४. २०६६ असार मसान्तको तुलनामा २०६७ जेठ मसान्तमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ४.६२ प्रतिशतले अधिमूल्यन भएको छ । अघिल्लो वर्षको सोही अवधिमा नेपाली रुपैयाँ अमेरिकी डलरसँग ९.३९ प्रतिशतले अवमूल्यन भएको थियो । २०६७ जेठ मसान्तमा अमेरिकी डलर एकको विनिमय दर रु. ७४.६० पुगेको छ । २०६६ असार मसान्तमा उक्त विनिमय दर रु. ७८.०५ रहेको थियो ।